स्पर्श लघुवित्त वित्तीय संस्था लि.
Sparsha Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय
पोखरा महानगरपालिका-२६, विजयपुर, कास्की
फोन : ०६१-४११४३८/३९
ईमेल : info@sparshamicrofinance.com

# चौथो वार्षिक साधारण सभाको सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस स्पर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/०९/०७ गतेको सञ्चालक समितिको ६७ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**मिति :** २०७७/०९/२९ गते बुधवार (तद्अनुसार १३ जनवरी, २०२१)
**स्थान :** होटल बाराही, लेकसाइड, पोखरा, कास्की
**समय :** बिहान ११:०० बजे

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. आ.व.२०७७/०७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा (हाल बहालवाला लेखापरीक्षक श्री ईश्वर भट्टराई पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।
४. मेगा बैंक नेपाल लिमिटेडको तर्फबाट प्रतिनिधि सञ्चालकको मनोनयन सन्दर्भमा सञ्चालक समितिको बैठक नं. ५७ को निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
५. बोनश शेयर वापत लाग्ने कर प्रयोजनको लागि हाल कायम चुक्ता पूँजीको १.०२६३१६ प्रतिशतले हुन आउने रु.९,६२,१५२/- नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.९,३७,४८,१९०/- को १९.५० प्रतिशतले हुन आउने रु.१,८२,८०,८९७/- बोनश शेयर स्वीकृत गर्ने सम्बन्धमा ।
२. प्रबन्धपत्रको दफा ६ मा भएको पूँजी संरचना सम्बन्धी व्यवस्थामा खण्ड (ख) र (ग) मा आवश्यक्ता अनुसार संशोधन गर्ने सम्बन्धमा ।
३. स्पर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा,
४. स्पर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit Report) को आधारमा स्पर्श लघुवित्त वित्तीय संस्थाको १ (एक) कित्ता शेयर बराबर ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्थाको ०.९० (शून्य दशमलव नौ शून्य) कित्ता शेयर दिने गरी शेयर स्वाप अनुपात (Share Swap Ratio) कायम गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा,
५. स्पर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Deligence Audit Report) र अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने तथा प्राप्ति सम्बन्धमा गठित संयुक्त प्राप्ति समिति र सञ्चालक समितिले गरेको निर्णय एवं सो सम्बन्धमा भएका खर्च लगायतका सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने सम्बन्धमा,
६. स्पर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ता नियुक्त चार्टर्ड एकाउन्टेन्टस् फर्म NBSM & Associates का पार्टनर चार्टर्ड एकाउन्टेन्टस् श्री निल सारुको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा,
७. प्राप्तिमा जाने तथा पूँजी संरचनामा संशोधन गर्ने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने, स्वीकृति लिने तथा अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एंव परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन तथा परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. प्राप्ति प्रयोजनको लागि मिति २०७७/०६/२१ गतेदेखि यस वित्तीय संस्थाको शेयर कारोबार रोक्का रहेकोले सोही मिति सम्म कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र लाभांशको लागि योग्य हुनेछन । चौथो वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनार्थ मिति २०७७/०९/१५ गतेदेखि २०७७/०९/२९ गतेसम्म शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०९/१५ भन्दा १ दिन अगाडी सम्म कारोबार भई प्रचलित कानुन बमोजिम नामसारीको लागि वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौमा पेश गरिसक्नु पर्नेछ ।
२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा विशेष साधारण सभाको सूचना, प्रोक्सी फारम र प्रवेशपत्र पठाइने छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो कुनै सक्कल परिचय पत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।
३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-२६, विजयपुर, कास्कीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति पनि वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ ।
४. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तीमा ७ दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउन हुन अनुरोध छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
५. सभाको दिन सभा हुनुभन्दा १ घण्टा अगावैदेखि शेयरधनी हाजिरी पुस्तिका खुल्ला रहनेछ ।
६. नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ ।
७. सभामा भाग लिन आउँदा जाँदा लागेका खर्च लगायत अन्य कुनै पनि प्रकारको खर्चको सोधभर्ना वित्तीय संस्थाले नदिने व्यहोरा अनुरोध छ ।
८. साधारणसभा सम्बन्धी थप जानकारी चाहिएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयको टेलिफोन नं. ०६१-४११४३८ वा ०६१-४११४३९ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**नोट : कोरोना महामारीको कारणले पर्न सक्ने सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न नेपाल सरकारले निर्देशन गरे बमोजिमको मापदण्डहरुको अनिवार्य रुपमा पालना गरी साधारणसभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध छ ।**

**उद्यमशीलता सँगै आत्मनिर्भरता**